# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बर्दघाट - सुस्ता पश्चिम)
## लुम्बिनी प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्याः-२०८२/०८३
च.नं.

प्रथम पटक प्रकाशित मितिः २०८२।०४।११

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस कार्यालयको लागि तपसिल बमोजिमको पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ।

तपसिल

| क.सं | विज्ञापन नं. | सेवा | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १/२०८२/०८३ | स्थानीय स्वास्थ्य | स्टाफ नर्स (विद्यालय नर्स) | सहायकस्तर पाँचौं | १ जना | |
| २. | २/२०८२/०८३ | अन्य | एम.आइ.एस.अपरेटर | सहायकस्तर पाँचौं | १ जना | |
| ३. | ३/२०८२/०८३ | स्थानीय प्रशासन | कार्यालय सहयोगी | श्रेणीविहिन | ११ जना | |
| ४. | ४/२०८२/०८३ | | परिचर (नगर प्रहरी) | श्रेणीविहिन | १ जना | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क) स्टाफ नर्स पदको लागिः

- मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरी काउन्सिल दर्ता प्रमाणपत्र प्राप्त गरेको ।

ख) एम.आई.एस. अपरेटर पदको लागिः-

- मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर विषय लिई उत्तीर्ण गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तीमा ६ महिना कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको ।

ग) कार्यालय सहयोगी पदको लागिः-

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेका र स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ।

घ) परिचर (नगर प्रहरी) पदको लागिः-

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेका र स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ।

२. दरखास्त दिने स्थान : बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय।

३. दरखास्त दिने अन्तिम मिति : २०८२।०४।२५ गते कार्यालय समय भित्र। (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट दरखास्त फारम बुझाउन सकिनेछ।)

४. आवेदन दस्तुरः स्टाफ नर्स, एम.आइ.एस.अपरेटर को लागि रु. ४००।- कार्यालय सहयोगी र परिचर (नगर प्रहरी) को लागि रु. १००।-

५. परिक्षा छनौटको किसिमः स्टाफ नर्स पदको लागि बर्दघाट नगरपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि (दोस्रो संसोधन) २०८१ अनुसार संक्षिप्त सूची प्रकाशन, सीप परीक्षण (कम्प्युटर) र अन्तरवार्ता। एम.आइ.एस.अपरेटर पदको लागि सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड,२०७६ बमोजिम। कार्यालय सहयोगी र परिचर (नगर प्रहरी) पदको लागि बर्दघाट नगरपलिकाको करारमा कार्यालय सहयोगी/ परिचर व्यवस्थापन गर्ने सम्बन्धी मापदण्ड-२०८१ अनुसार शैक्षिक योग्यता प्राप्ताङ्क, कार्यअनुभव, स्थानीय बापतको प्राप्ताङ्क र प्रत्यक्ष व्यक्तिगत अन्तरवार्ता हुनेछ।

६. आवेदन साथ संलग्न कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, अनुभव खुल्ने कागजातको प्रतिलिपी तथा ३ प्रति पासपोर्ट साइजको फोटो।

७. पारिश्रमिक तथा सेवा सुविधाः सेवा करार सम्झौता बमोजिम।

८. उमेर हदः स्टाफ नर्स पदको लागि १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको र अन्य पदहरुको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)।

९. अन्तरवार्ता तथा छनौट मितिः पछि प्रकाशन गरिनेछ।

१०. आवेदन फारमः कार्यालयबाट उपलब्ध गराईनेछ।

११. कार्यानुभव सम्बन्धमाः सार्वजनिक निकायमा कार्यरत सेवा अवधिलाई मात्र गणना गरिनेछ।

अन्य विस्तृत जानकारीको लागीः
सूचना अधिकारी श्री पुष्कर काफ्लेः ९८४७०४११८७
कम्प्युटर अपरेटर श्री मधुराज भट्टराईः ९८४०९८२०५१

२०८२/४/११
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः- श्री सूचना प्रविधि शाखा, बर्दघाट नगरपालिकाः- वेभ पेज र फेसबुक पेजमा अपलोड गरिदिनुहुन।